स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'द एकेडेमी अफ् मोसन पिक्चर आर्ट्स एण्ड साइन्सेस (ओस्कार अवार्ड)' मा नेपालको प्रतिनिधित्व 'अञ्जिला' चलचित्रले गर्ने भएको छ। नेपालस्थित अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल)ले अमेरिकामा आयोजना हुने ९८औं 'ओस्कार अवार्ड' मा 'अन्तर्राष्ट्रिय फिचर फिल्म' विधामा नेपालबाट 'अञ्जिला' चलचित्र सिफारिस भएको जानकारी दिएको हो।

**आजको विचार...**



युवा...
*(दुई पेजमा)*

प्रतिष्ठा थापा



नेपाली चलचित्र 'सोल्टिनी'को टिजर बिहीबार सार्वजनिक गरिएको छ। कात्तिक ६ गते भाइटिकाको दिन प्रदर्शन हुने चलचित्रको टिजरमा प्रकाश सपुत र परीक्षा लिम्बुबिचको प्रेम र समाजको कठोर यथार्थ देखाइएको छ। दृश्यात्मक ढङ्गले उतारेको अनुमान लगाउन सकिन्छ। अर्जुन सुवेदी निर्देशित चलचित्रमा प्रकाश र परीक्षासँगै विल्सन विक्रम राई, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुन्दर घिताल, सुजन खतिवडालगायत कलाकारको अभिनय छ।

❒ वर्ष ३१ ❒ अंक ६६ ❒ २०८२ असोज ५ गते आइतबार 21 September 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रुसी आक्रमणमा ३ को मृत्यु, १३ जना घाइते

**(रासस/एएफपी)**

**किभ,** असोज ४/युक्रेनका अधिकारीहरूले जानकारी दिएअनुसार, डनिप्रोपेत्रोभस्क क्षेत्रमा रुसी सेनाको रातभरको हवाई आक्रमणमा तीन जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । तीमध्ये एक जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । क्षेत्रीय सैनिक प्रशासनका प्रमुख सेर्गी लिसाकले बताएअनुसार, रूसले ड्रोन र क्षेप्यास्त्र प्रयोग गरी आवासीय क्षेत्रहरूमा आक्रमण गरेको थियो, जसबाट भवनहरूमा क्षति पुगेको छ र आगलागीसमेत भएको छ । युक्रेनभर हवाई आक्रमणको सतर्कता जारी गरिएको छ । राजधानी किभ वरपरका क्षेत्रमा पनि आक्रमण भएको छ । किभ क्षेत्रीय सैनिक प्रशासन प्रमुख मिकोला कालाशनिकले भन्नुभयो,"सत्रु पक्षले आत्मघाती ड्रोन र क्षेप्यास्त्र प्रयोग गरी शान्तिपूर्ण बस्तीहरूलाई निशाना बनाएको छ ।" त्यसैगरी, दक्षिण युक्रेनको सहर माइकोलाइभमा पनि यस्तै प्रकारको हमला भएको भए पनि मानवीय क्षति नभएको जानकारी नगरप्रमुखले दिए । रुसी अधिकारीहरूले भने, युक्रेनी सेनाले भोल्गोग्राद र रोस्तोभ क्षेत्रमा 'ठूलो स्तरको हमला' प्रयास गरेको तर त्यसलाई सफलतापूर्वक रोकिएको दाबी गरेका छन् । साथै, साराटोभ क्षेत्रमा एक जना सामान्य रूपमा घाइते भएको जानकारी दिएका छन् ।

## आनन्द सहकारीको साधारण सभा तथा अधिवेशन

# सहकारीमा नयाँ नेतृत्व, अध्यक्षमा सरोजराल, १५ प्रस्ताव पारित

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज ४/आनन्द बचत तथा ऋण सहकारी संस्थाले १५ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन गरेको छ । सहकारीले शनिबार तानसेनमा एक कार्यक्रमका बिच साधारण सभा तथा अधिवेशन गरेको हो ।

'सबैका लागि एक र एकका लागि सबै' नै सहकारी हो भन्ने आम बुझाइलाई सार्थकता दिँदै समृद्धिको दिशामा अब्बल बन्दै आएको सहकारीले विभिन्न १५ प्रस्तावहरु पारित गर्नुको साथै नयाँ नेतृत्व चयन गर्दै साधारण सभा तथा अधिवेशन सम्पन्न गरेको छ । अधिवेशनले हालका उपाध्यक्ष सरोजलाल शाक्यको नेतृत्वमा नयाँ समिति चयन गरेको छ । लामो समय सहकारी अभियानमा लागेर सहकारीको वृद्धिविकाससँगै जिल्लाको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुको साथै संस्थामा इमान्दारिताका साथ आफ्नो जिम्मेवारी निर्वाह गरेका कारण अधिवेशनले शाक्यलाई अध्यक्षको जिम्मेवारी सम्पिदिएको हो । अध्यक्षको जिम्मेवारी पाएसँगै नवनिर्वाचित अध्यक्ष शाक्यले सहकारीलाई थप मजबूद बनाउनुको



साथै सदस्यहरुको हितमा रहेर काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । उनले आनन्द सहकारीमा कुनै पनि समस्या नभएकाले ढुक्क भएर कारोबार गर्न समेत शेयर सदस्यहरुलाई आग्रह गरे । अधिवेशनले सहकारीको उपाध्यक्षमा रत्नमान बज्राचार्य, सचिवमा विनयराज बज्राचार्य, कोषाध्यक्षमा मनिषलाल बज्राचार्य, सह-सचिवमा अनुराधा बज्राचार्यलाई चयन गरेको छ । यस्तै सञ्चालक समिति सदस्यहरुमा सर्जुलाल बज्राचार्य, पुतली शाक्य, दिनेश बहादुर बज्राचार्य, अनुपमा शाक्य बुद्धाचार्य, लेखा सुपरिपेक्षण समिति संयोजकमा नारायणबहादुर बज्राचार्य, लेखा सुपरिपेक्षण समिति सदस्यहरुमा शोभामान बज्राचार्य, जीवनमान बज्राचार्यलाई चयन गरेको सहकारीका व्यवस्थापक प्रकाश शर्माले एनजेडीलाई बताए । यस्तै साधारण सभामा सहकारीका अध्यक्ष सर्जुलाल बज्राचार्यले प्रस्तुत गरेका विभिन्न १५ बुँदामा रहेका प्रस्तावहरु सभाले सर्वसम्वत रुपमा पारित गरेको छ । अध्यक्ष बज्राचार्यले हितकोष सञ्चालन नियमावली, निर्वाचन कार्यविधि अनुमोदन, संस्थाको कर्मचारी प्रशासन नियमावली, सदस्यता नीति, बचत नीति र ऋण नीति पुनर्लेखन तथा संस्थालाई आवश्यक पर्ने सम्पत्ति शुद्धिकरण कार्यबिधि, बैठक सञ्चालन कार्यविधि, आर्थिक प्रशासन नीति, कर्मचारी सेवा नीति, कागज धुल्याउने कार्यविधि, साधारण सभा सञ्चालन कार्यविधि, धितो लिलाम बिक्रि कार्यविधि जस्ता कार्यविधि, नियमावली, नीतिहरु बनाउन सञ्चालक समितिलाई जिम्मेवारी दिने, २०८१ श्रावणदेखि २०८२ आषाढ मसान्तसम्म सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, शिक्षा उपसमितिले गरेका निर्णयहरु अनुमोदन, शेयर लाभांश कोष, संरक्षित पूँजी कोष र कर्मचारी बोनस कोष बाँडफाँड, सञ्चालक समितिलाई समय सापेक्ष व्याजदर परिमार्जन गर्न सक्ने अधिकार प्रत्यायोजन, आ.व. २०८२/८३ को वाह्य लेखा परिक्षक नियुक्ति, पारिश्रमिक, निष्क्रिय शेयर सदस्यहरुको सदस्यता नरहने गरि बचत तथा शेयर रकम भुक्तानी दिनुपर्ने हिसाबमा जम्मा गने, खराब ऋणीहरुबाट एकैपटक कर्जा चुक्ता गर्न आएमा केही व्याज, हर्जाना लगायत अन्य रकमहरुमा केही छुट दिन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने, अध्यक्षाको प्रतिवेदन,सचिवको प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, ऋण उप-समितिको प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन, आ.व. २०८१/८२ अनुमानित बजेटको खर्च शिर्षक भन्दा बढि खर्च भएको खर्चको शिर्षकमा रकमान्तर गरिएको अनुमोदन लगायतका प्रस्तावहरु अगाडि सारेका थिए । -

*बाँकी अन्तिम पेजमा...*

# अविरल वर्षाले धानबालीमा क्षति

**(नवलपरासी),** असोज ४/हालैको अविरल वर्षातले बर्दघाट सुस्ता पश्चिम नवलपरासीको पाल्हीनन्दन र सरावलका धान बालीमा क्षति पुऱ्याएको छ । पाल्हीनन्दन र सरावलमा ७०० बिघाहभन्दा बढी धान बाली डुबान भएको पाल्हीनन्दन(१ का वडासदस्य चुल्हाइप्रसाद यादवले जानकारी दिए । उनका अनुसार यस वर्ष सरावल र पाल्हीनन्दनका शंकरपुरमा धान बाली सप्राएको थियो ।

उनका अनुसार धनेवा र झरही खोलामा आएको बाढीले पाल्हीनन्दन र सरावलको धानबालीमा क्षति पुऱ्याएको हो । पाल्हीनन्दनको शंकरपुर र सरावल गाउँपालिकाको मधवलीया, खडवना र भुजहवाका किसान चैते फसल गेंहु, तोरी, मसुरो र केही मात्रामा ऊखु खेती गर्छन् । वडासदस्य यादवले भने,"पाल्हीनन्दन र सरावलका किसान प्रत्येक वर्ष धानबाली लगाउँदछन् । बाढीले खेतमै धान सडछ धान काटन पाउँदैनन् । यस वर्ष धान काट्न पाईन्छ की भन्ने आश लागेको थियो । कतिपय धान फलिसकेको थियो । केही प्रजातिका धान फलिरहेको थियो । अहिले धान काटने बोला बाढी आएर हामीलाई बर्बाद बनायो ।" बाढीले सरावलमा ७०० बढी बिघाहमा लगाइएको धान बाली डुबान भएको सरावल(७ का वडाध्यक्ष हेयात खान धुनियाले जानकारी दिए ।

सरावल-६ मधवलीयाका किसान घनश्यामा चौधरीले डेढ बिघाहमा लगाइएको धानबाली नष्ट भएको छ र यसबाट दुई लाख रूपैयाको बराबर नोक्सान भएको जानकारी दिए । जिल्लाका सरावल गाउँपालिका र पाल्हीनन्दनका २७५ हेक्टर क्षेत्रफलमा लगाइएका धान बाली डुबानमा परेको नवलपरासी कृषि ज्ञान केन्अविरल वर्षाले धानबालीमा क्षति प्रमुख डा रविन्द्र नाथ चौबेले जानकारी दिए । उनका अनुसार पाल्हीनन्दन(१ शङ्करपुर र सरावल(४, ५, ६, र ७ मा बाढीले धानबालीमा क्षति पुऱ्याएको हो ।*-रासस*

# गणेश बचत तथा ऋण सहकारीले मनायो १२ औं साधारण सभा

## विभिन्न नीति नियम समेत पारित

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज ४/सहकारी क्षेत्रमा अब्बल बन्दै आएको गणेश बचत तथा ऋण सहकारी संस्थाले १२ औं साधारण सभा मनाएको छ । सहकारीले शनिबार तानसेनमा एक औपचारिक कार्यक्रमका बिच आफ्नो वार्षिक साधारण सभा मनाएको हो ।

सभाको जिल्ला सहकारी संघ लिमिटेड पाल्पाका अध्यक्ष भूपति पाण्डेयले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि पाण्डेयले पाल्पाका सहकारीहरुमा कुनै पनि समस्या नभएकाले ढुक्क भएर कारोबार गर्न शेयर सदस्यहरुलाई आग्रह गरेका छन् । उनले कर्मचारीहरुको बदमासीका कारण केही सहकारीमा समस्या देखिएको भए पनि पाल्पाको हकमा त्यस्तो नरहेको स्पष्ट पारे । अध्यक्ष पाण्डेयले बाहिर जस्तो भए पनि सहकारीहरुमा त्यस्तो नरहेको बताए । उनले भने "केही सहकारीहरुमा कर्मचारीहरुको बदमासीले समस्या आएको हो तर केही सहकारीहरुको बदमासीका कारण सबै सहकारीलाई





एकै ठाउँमा राखेर हेर्ने जुन प्रयास भइरहेको छ त्यो गलत हो । हल्लाको पछाडी नलाग्न म शेयर सदस्य ज्यूहरुलाई आग्रह गर्छु ।" अध्यक्ष पाण्डेले अब सहकारीहरु प्रविधिमैत्री बन्नुपर्नेमा जोड दिए । उनले सहकारीहरुमा समस्या आउन नदिन सहकारीहरु प्रविधिमै बन्न जरुरी रहेको धारणा व्यक्त गरे । अध्यक्ष पाण्डेले भने "सहकारीले आफ्नो संस्थाको आवश्यकता के हो ? त्यसलाई पहिचान गरेर प्रविधि भित्र्याई हाल्नुहोस् ।" कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले आर्थिक समृद्धिका लागि गणेश सहकारीको योगदान महत्वपूर्ण रहेको बताए । उनले पछिल्लो समय देशका केही सहरमा सञ्चालित सहकारीहरुमा समस्या आएको भनिए पनि पाल्पाका सहकारीहरुमा हालसम्म त्यस्तो अवस्था सिर्जना नभएको उल्लेख गरे । सचिव रायमाझीले गणेश सहकारी वित्तिय क्षेत्रमा अब्बल बन्दै गएको भन्दै यस सहकारीमा कुनै समस्या नभएको बताए । उनले भने "म यस सहकारीसँग विगत पाँच वर्षदेखि निरन्तर नजिकबाट चिन्ने र यसका गतिविधिहरु नियाल्ने अवसर पाएको छु, यस सहकारीका सञ्चालकहरु भूपु सैनिकहरु मात्रै हुनुहुन्छ, उहाँहरु आफैमा इमान्दार सिपाही भएकाले यहाँ कुनै समस्या छैन, ढुक्क भएर रकम बचत गर्न सकिन्छ ।"

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## विश्व शान्ति दिवसको सन्दर्भ

कुनै पनि देशको विकासको मूल आधार शान्ति हो । विकासको मूल आधार मात्र नभएर शान्ति मानव जातिको अमूल्य अधिकार पनि हो । शान्तिको अधिकार भनेको युद्धविरुद्धको अधिकार हो । युद्ध, हिंसा, हुलदंगा र सबै प्रकारका अशान्तिबाट स्वतन्त्र र मुक्त रहन पाउनु नै शान्तिको अधिकार हो । विश्वका सबै देश र जनतामा शान्तिको कामना गर्दै हरेक वर्ष सेप्टेम्बर २१ मा विश्व शान्ति दिवस मनाउने गरिन्छ । सन् १९८१ मा संयुक्त राष्ट्र संघको महासभाले आह्वान गरेअनुरूप सन् १९८२ देखि यो दिवस मनाउन सुरु गरिएको हो । सन् २००१ सम्म सेप्टेम्बरको तेस्रो मंगलबार मनाइँदै आइएको यो दिवस २००२ देखि सेप्टेम्बर २१ मा मनाउन थालिएको पाइन्छ । विगतमा जस्तै यसवर्ष पनि यो दिवस मनाइँदै छ ।

नेपालमा यो दिवस २०६५ देखि मनाउन सुरु गरिएको हो । देशमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको विश्रामसँगै २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौताको भावना र मर्मलाई आत्मसात गर्दै नेपालले पछिल्लो समय यो दिवसलाई निरन्तरता दिँदै आएको छ । कुनै पनि मुलुकको समाज व्यवस्था व्यवस्थित गर्ने परिप्रेक्ष्यमा अहिंसा र शान्तिको महत्व र उपादेयता दर्शाउनु यसको मुख्य ध्येय हो । अनि समाजमा विद्यमान असमझदारी, द्वन्द्व र अशान्तिको शान्तिपूर्ण रुपान्तर गर्नु र समाजमा रहेका द्वन्द्व, अशान्ति र हिंसा, हत्याका प्रवृत्ति र प्रक्रियाको शान्तिपूर्ण उपचार गर्दै जाने क्रिया–अनुक्रियालाई प्रोत्साहित गर्नु र राजनीति एवं राज्यव्यवस्था, न्याय व्यवस्था, सुरक्षा व्यवस्था, बजार व्यवस्था, विकास व्यवस्था र एनजिओ/आइएनजिओ व्यवस्थासमेतका सबै व्यवस्था व्यवस्थित गर्नु यसको प्रक्रियागत प्रयोजन हो ।

अझै पनि धेरै देशहरुमा हिंसा रोकिएको छैन । आज अशान्ति रोक्ने जे/जति प्रयास भएका छन् ती हिंसालाई बलका भरमा रोक्नेतर्फ मात्र केन्द्रित छन् । हिंसा हुनका कारणहरुको सम्बोधनतर्फ विश्वको ध्यान केन्द्रित भएको छैन । शान्ति, अहिंसा, मानव अधिकार र लोकतन्त्र एकापसमा पृथक रहन नसक्ने भएकाले मानव अधिकार र प्रजातन्त्रको जगमा नै शान्ति स्थापना हुन्छ भन्ने कुरामा अझै पनि सरकारहरुको ध्यान पुगेको छैन । शान्ति भनेको त संस्कृति हो, शान्ति खोज्न अन्त जानुपर्दैन । शान्ति मानवको मनमस्तिष्कमा हुनुपर्छ । त्यसैले हरेक मानवले मनमस्तिष्कबाट हिंसा हटाई शान्तिलाई स्थान दिन सकेमात्र समाजमा शान्ति स्थापना हुन्छ र हरेक वर्ष मनाइने दिवसले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

सबैको आफ्नो आफ्नो समय हुन्छ
दिन सुर्यको हो भने रात जुनको हो
आज तिम्रो होला भोलि मेरो हुनेछ ।

*(विशाल लामिछानेको फेसबुक स्टाटसबाट www.facebook.com/Bishal.Lamichani)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवा शक्ति, राजनीतिक रूपान्तरण र सामाजिक सञ्जाल



**प्रतिष्ठा थापा**

*संसार अब साँघुरिएको छ जहाँ कम्प्युटर सफ्टवेयर र फाइबर अप्टिक नेटवर्कले सहकार्य र प्रतिस्पर्धाको नयाँ संरचना बनाइरहेका छन् । यस सन्दर्भमा स्पेनिस प्राध्यापक म्यानुएल कास्टेल्सले सूचना समाजमा व्याख्या गरेअनुसार शक्ति अब पद वा संस्थागत शीर्षकमै सीमित छैन बरु सञ्जाल (नेटवर्क)मा कसरी जोडिन्छ र सञ्चार गरिन्छ भन्नेमा आधारित छ । उनले शक्तिलाई चार प्रकारमा नेटवर्किङ शक्ति, नेटवर्क शक्ति, नेटवर्केड शक्ति, र नेटवर्क निर्माण शक्तिमा वर्गीकरण गरेका छन् जसले सामाजिक र राजनीतिक परिवर्तनको व्याख्या गर्छ । यही दृष्टिकोण योर्गन हाबर्मासको सार्वजनिक क्षेत्र (पब्लिक स्फेर) सिद्धान्तसँग पनि मेल खान्छ । सामाजिक सञ्जालमार्फत बनेको डिजिटल पब्लिक स्फेरले व्यक्तिहरूलाई स्वतन्त्ररूपमा विचार प्रकट गर्ने, बहस गर्ने र सत्तालाई चुनौती दिने अवसर प्रदान गरेको छ । हाबर्मासको अवधारणालाई विस्तार गर्दै सामाजिक सञ्जाल आज लोकतान्त्रिक विचार विमर्शको नयाँ थलो बन्न पुगेको छ ।*

प्रसिद्ध राजनीतिक विश्लेषक तथा 'द वर्ल्ड इज फ्ल्याट' पुस्तकका लेखक थोमस फ्राइडम्यानले भूमण्डलीकरणलाई तीन चरणमा वर्गीकरण गरेका छन् – भूमण्डलीकरण १.०, २.० र ३.० । उनका अनुसार इस्वी संवत् १४९२ देखि १८०० सम्मको अवधि भूमण्डलीकरण १.० को चरण हो जसमा भूमण्डलीकरणको शक्ति राष्ट्रसँग भएको बल, अश्व शक्ति, वायु शक्ति वा बाफ शक्तिमा आधारित थियो । यसले संसारलाई ठूलोबाट मध्यम आकारमा रूपान्तरण गऱ्यो । त्यस्तै, इस्वी संवत् १८०० देखि २००० सम्मलाई उनले भूमण्डलीकरण २.० को चरणका रूपमा व्याख्या गरेका छन् जुन बहुराष्ट्रिय कम्पनीहरूको उदय र नयाँ यातायात तथा सञ्चार प्रविधिको विकाससँग सम्बन्धित थियो । वाष्प इन्जिन, रेलमार्ग, टेलिग्राफ, टेलिफोनदेखि लिएर इन्टरनेट र 'वर्ल्ड वाइड वेब' को विकाससम्मको यस चरणमा संसार मध्यम आकारबाट सानो आकारतिर धकेलियो । हाल हामी भूमण्डलीकरण ३.० को चरणमा छौं जसलाई फ्राइडम्यानले "फ्ल्याटनर्स" भनिएका दस कारकहरूको समागमबाट अगाडि बढेको बताएका छन् ।

संसार अब साँघुरिएको छ जहाँ कम्प्युटर सफ्टवेयर र फाइबर अप्टिक नेटवर्कले सहकार्य र प्रतिस्पर्धाको नयाँ संरचना बनाइरहेका छन् । यस सन्दर्भमा स्पेनिस प्राध्यापक म्यानुएल कास्टेल्सले सूचना समाजमा व्याख्या गरेअनुसार शक्ति अब पद वा संस्थागत शीर्षकमै सीमित छैन बरु सञ्जाल (नेटवर्क)मा कसरी जोडिन्छ र सञ्चार गरिन्छ भन्नेमा आधारित छ । उनले शक्तिलाई चार प्रकारमा नेटवर्किङ शक्ति, नेटवर्क शक्ति, नेटवर्केड शक्ति, र नेटवर्क निर्माण शक्तिमा वर्गीकरण गरेका छन् जसले सामाजिक र राजनीतिक परिवर्तनको व्याख्या गर्छ । यही दृष्टिकोण योर्गन हाबर्मासको सार्वजनिक क्षेत्र (पब्लिक स्फेर) सिद्धान्तसँग पनि मेल खान्छ । सामाजिक सञ्जालमार्फत बनेको डिजिटल पब्लिक स्फेरले व्यक्तिहरूलाई स्वतन्त्ररूपमा विचार प्रकट गर्ने, बहस गर्ने र सत्तालाई चुनौती दिने अवसर प्रदान गरेको छ । हाबर्मासको अवधारणालाई विस्तार गर्दै सामाजिक सञ्जाल आज लोकतान्त्रिक विचार विमर्शको नयाँ थलो बन्न पुगेको छ । त्यस्तै, एन्टोनियो ग्राम्सीको कल्चरल 'हेजिमोनी' (आधिपत्य) अवधारणाले पनि सामाजिक सञ्जाललाई बुझ्न मद्दत गर्छ । परम्परागत सञ्चार माध्यमहरू राज्य वा प्रभुत्वशाली वर्गको नियन्त्रणमा हुने हुँदा वैकल्पिक विचारहरूलाई दबाइन्थ्यो । तर सामाजिक सञ्जालले यो वर्चस्वलाई चुनौती दिँदै अल्पसत्ताधारी वा पछाडि परेका समूहको आवाजलाई सार्वजनिक क्षेत्रमा ल्याउन मद्दत गर्छ । यसको ज्वलन्त उदाहरण सन् २०१० को टुनिसियाबाट सुरु भएको 'अरब स्प्रिंग' हो । सामाजिक सञ्जालमार्फत सूचना छिटो फैलिनु, आन्दोलनको समन्वय हुनु र अन्तर्राष्ट्रिय समर्थन जुट्नुले देखायो डिजिटल पब्लिक स्फेर राज्य सत्तालाई चुनौती दिने प्रमुख माध्यम बन्न सक्छ । फेसबुक, ट्विटर, युट्युबजस्ता प्लेटफर्महरूले 'हेजिमोनी'विरुद्ध 'काउन्टर हेजिमोनी' निर्माण गरेका थिए । अरब स्प्रिंगपछि पनि हङकङ, भारतको किसान आन्दोलन, इन्डोनेसियामा सांसदहरुको भत्ताको विरोध, सर्बियामा शिक्षा सुधार आन्दोलन, केन्यामा विवादास्पद वित्तीय विधेयकविरुद्ध प्रदर्शन यी सबै घटनाहरूले सामाजिक सञ्जाल प्रविधिमात्र नभई संस्थापनको आधिपत्य विरुद्ध प्रतिवाद गर्ने राजनीतिक अस्त्रको रूपमा काम गरिरहेको उपकरण भएको स्पष्ट हुन्छ । राजनीतिक विज्ञानको दृष्टिकोणबाट हेर्दा यी आन्दोलनहरू स्रोत परिचालन सिद्धान्त (स्रोतहरूको प्रभावकारी प्रयोग), राजनीतिक अवसर संरचना (शासन प्रणालीभित्रको कमजोरी वा विभाजनले अवसर प्रदान गर्नु) र फ्रेमिङ र पहिचान (साझा मूल्य र सामूहिक पहिचान निर्माण) जस्ता सिद्धान्तसँग मेल खान्छन् । सामाजिक सञ्जालले नागरिकहरूलाई संगठन, समन्वय र सूचना प्रसारको मञ्च (प्लेटफर्म) उपलब्ध गराएर परम्परागत शक्ति संरचनामा चुनौती दिन सक्षम बनाएको छ जसले आधुनिक राजनीतिक आन्दोलनमा डिजिटल माध्यमको रणनीतिक महत्त्वको पुष्टि गर्छ । यसबाहेक, सामाजिक सञ्जाल प्रयोगमा जेन-जी अर्थात् इस्वी संवत् १९९७ देखि २०१२ बीच जन्मिएका युवा अग्रस्थानमा छन् । ऋपलिङ्ग को २०२५ रिपोर्टअनुसार विश्वमा करिब ९५ प्रतिशत जेन-जी सामाजिक सञ्जाल प्रयोगकर्ता छन् । उनीहरू युट्युब, इन्स्टाग्राम, टिकटकमा दैनिक ४ घन्टाभन्दा बढी सक्रिय रहन्छन् । हाबर्माससको शब्दमा जेन-जीले डिजिटल पब्लिक स्फेरमा प्रमुख विचारशील पात्रको भूमिका निर्वाह गरिरहेका छन् । हालैका वर्षहरूमा जेन-जीले श्रीलङ्काको आर्थिक संकट, बंगलादेशको जुलाई विद्रोह र नेपालमा डिजिटल संसद्जस्ता घटनामा नेतृत्व लिएर परम्परागत राजनीतिक संरचनालाई चुनौती दिएका छन् ।

राजनीतिक विज्ञानको दृष्टिकोणबाट यी घटनाहरूलाई कास्टेल्सको नेटवर्क समाज सिद्धान्त मार्फत बुझ्न सकिन्छ जसमा सामाजिक नेटवर्क र डिजिटल प्रविधिहरूले शक्ति र संचारको नयाँ संरचना सिर्जना गर्छन् । साथै, डेभिसको राजनीतिक विद्रोह सिद्धान्तका अनुसार जब पारम्परिक सत्ता संरचना नागरिकका अपेक्षा र माग पूरा गर्न असफल हुन्छ तब विद्रोह वा आन्दोलन उत्पन्न हुन्छ र डिजिटल माध्यमहरूले यस प्रक्रियालाई तीव्र र विश्वव्यापी बनाउने भूमिका खेल्छन् । नेपालमा' डिस्कोर्ड' मार्फत सञ्चालन गरिएको 'डिजिटल संसद्' ले यी दुई सिद्धान्त नेटवर्क समाज र राजनीतिक विद्रोह सिद्धान्तको प्रत्यक्ष व्यावहारिक प्रयोग प्रस्तुत गरेको छ । यसैले, विश्व राजनीतिमा देखिएका यी घटनाबाट स्पष्ट हुन्छ सामाजिक सञ्जाल सूचना आदानप्रदानको प्लेटफर्ममात्र होइन बरु हाबरमासियन पब्लिक स्फेर र ग्राम्सियन काउन्टर हेजिमोनी को अभ्यास गर्ने नयाँ राजनीतिक स्थान बनेको छ । जेन-जीले यस डिजिटल स्थानलाई उपयोग गरेर परम्परागत राजनीतिक संरचना परिवर्तन गर्ने, भ्रष्टाचार र अन्यायलाई चुनौती दिने र लोकतान्त्रिक प्रक्रियालाई बलियो बनाउने कार्य गरिरहेका छन् । अन्ततः, यसले भूमण्डलीकरणको प्रक्रिया, डिजिटल प्रविधिको विकास र सामाजिक सञ्जालको प्रयोगले आधुनिक राजनीतिक संरचनामा गहिरो प्रभाव पार्दै आएको छ स्पष्ट भएको छ । फ्राइडम्यानका भूमण्डलीकरणका चरणहरू, कास्टेल्सको नेटवर्क समाज सिद्धान्त, हाबर्मासको पब्लिक स्फेर र ग्राम्सीको काउन्टर हेजिमोनीले शक्ति अब पद वा संस्थागत शीर्षकमा सीमित छैन बरु नेटवर्क र डिजिटल प्लेटफर्ममार्फत फैलिरहेको छ भन्ने देखाउँछ । अरब स्प्रिंगदेखि नेपालमा 'डिजिटल संसद'सम्मका घटनाहरूले जेन-जीले सामाजिक सञ्जालमार्फत आफ्नो आवाज बुलन्द गर्दै परम्परागत सत्ता संरचनामा चुनौती दिएको पुष्टि गर्छन् । राजनीतिक विज्ञानका सिद्धान्तहरूले यी आन्दोलनहरूको संरचना, स्रोत प्रयोग, अवसर र सामाजिक सांस्कृतिक समन्वयलाई बुझ्न सहयोग गर्छन् । यसैले, आजको युवा पुस्ता विशेष गरी जेन-जी सिर्जनात्मक, डिजिटल र सञ्जालगत माध्यममार्फत लोकतान्त्रिक प्रक्रियामा निर्णायक भूमिका निर्वाह गर्दै आधुनिक राजनीतिक परिवर्तनको अभिन्न हिस्सा बनेको छ । यसबाट आधुनिक राजनीतिक आन्दोलनहरू अब सडक प्रदर्शन वा पारम्परिक माध्यमसम्म सीमित छैनन् बरु डिजिटल प्लेटफर्म र सामाजिक नेटवर्कमार्फत विश्वव्यापी स्तरमा प्रभावकारीरूपमा सञ्चालन हुने क्षमता राख्छन् भन्ने देखिन्छ । यसरी जेन-जीको सक्रियता आधुनिक लोकतान्त्रिक अभ्यासको नयाँ आयाम र भविष्यको राजनीतिक रूपान्तरणमा निर्णायक शक्ति बनेको छ ।

*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेष्टरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक आयोजनामा हजुरको प्रशंसा हुनेछ। पठनपाठनमा मन लाग्नेछ। | **तुला** : राजकीय पक्षबाट सहयोग मिल्ला । व्यवसायमा लाभ रहनेछ। |
| **वृष** : कार्यक्षेत्रमा परिवारको सहयोग मिल्नेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **वृश्चिक** : नयाँ कामको प्रस्ताव आउने वा मनग्य धन आर्जन गर्न सकिनेछ। |
| **मिथुन** : रचनात्मक कार्यमा मन लाग्नेछ। महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। | **धनु** : मनोरञ्जनात्मक समय बित्नेछ। व्यापारमा गरेको यात्रा लाभदायी रहनेछ। |
| **कर्कट** : सन्तान पक्षबाट सुख मिल्नेछ। व्यापारमा गरिएको यात्रा सफल रहनेछ। | **मकर** : पौष्टिक भोजनको सेवन गर्नुहोस्। सवारी साधनमा धन खर्चका योग छन्। |
| **सिंह** : राजनैतिक प्रभाव बढ्नेछ। स्वास्थ्यमा सुधार आउनेछ।योजनाहरू गुप्त राख्नुहोस्। | **कुम्भ** : समाजमा मानसम्मान बढ्नेछ। सम्बन्धमा विचारहरूको टकराव हुनेछ। |
| **कन्या** : धनमा वृद्धि हुनेछ। लापर्वाहीले गर्दा अधिकारी वर्गहरू अप्रसन्न रहलान्। | **मीन** : साझेदारी व्यापारमा लाभ मिल्नेछ। माननीय जनहरूबाट सहयोग मिल्नेछ। |

# कृषि

## म्याग्दीमा करिब एक अर्बको आलु र सुन्तला बिक्री



म्याग्दी, गत आर्थिक वार्षिकमा यहाँबाट करिब एक अर्बको आलु र सुन्तला बिक्री भएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार आव २०८१र८२ मा यहाँबाट ६० करोडको आलु र ३३ करोड ४६ लाख बराबरको सुन्तला बिक्री भएको हो । केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले गत आवमा एक हजार आठ सय २० हेक्टर क्षेत्रफलमा उत्पादन भएको ३५ हजार चार सय ९० मेट्रिकटन आलु प्रतिकिलो न्यूनतम ३५ का दरले बिक्री हुँदा ६० करोडको कारोबार भएको जानकारी दिए । उनका अनुसार एक हजार आठ सय २० क्षेत्रफलमा प्रतिहेक्टर १९ दशमलव पाँच मेट्रिकटनका दरले आलु उत्पादन भएको छ । चार सय २५ हेक्टर क्षेत्रफलमा उत्पादन भएको चार हजार सात सय ८१ दशमलव तीन मेट्रिकटन सुन्तला प्रतिकिलो ८० का दरले ३३ करोड ४६ लाख ७० हजारमा बिक्री भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताए । म्याग्दीको आलु र सुन्तला बेनी, पोखरा, काठमाडौँ र चितवनका बजारमा बिक्री हुन्छ । क्षेत्रफल विस्तार, अनुकूल मौसम, रोगकीराको समस्या नदेखिएकाले आलु र सुन्तलाको उत्पादन बढेको प्रमुख बाँस्तोलाले बताए । आव २०८०र८१ मा एक हजार सात सय ५० हेक्टरमा ३१ हजार चार सय ५० मेट्रिकटन आलु र रु २४ करोड बराबरको तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । कृषि ज्ञान केन्द्रका प्राविधिकले 'क्रपकटिङ' विधिबाट फलफूल, तरकारी र खाद्यबाली उत्पादनको तथ्याङ्क सङ्कलन गर्दै आएका छन् । अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैँडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सय भन्दा बढी सुन्तला बगैँचा छन् । सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलु र सुन्तलाले बजार पाउन थालेको हो । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले जिल्लामा आलु र सुन्तलाखेती विस्तार तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन् । गत आर्थिक वर्षमा केन्द्रको ४७ लाख १४ हजार सहयोगमा ४२ वटा फार्म तथा समूहमा आवद्ध एक सय ६४ परिवार किसानले तीन सय ७० रोपनी बगैँचा सुदृढीकरण र ४० रोपनीमा विस्तार गरेका कृषिप्रसार अधिकृत गङ्गा लामिछानेले जानकारी दिए । खायन आलु कार्यक्रममार्फत तीन वटा सहकारी र २७ समूहलाई बीउ, यान्त्रिकरण, सिँचाइ पूर्वाधार, 'प्याकेजिङ' र ढुवानीका लागि ८७ लाख ६४ हजार अनुदान उपलब्ध गराइएको केन्द्रले जनाएको छ । यस वर्ष सुन्तलाजात फलफूल बगैँचा स्थापना तथा विस्तारका लागि रु छ लाख र सुदृढीकरणका लागि १९ लाख ८० हजार बजेट प्राप्त भएको छ । जिल्लामा आलु जोन कार्यक्रमले अन्नपूर्ण र रघुगङ्गा गाउँपालिका तथा बेनी नगरपालिका-९ र १० मा आलुखेती विस्तारमा सहयोग गर्दै आएको छ । यसवर्ष पर्वत, बागलुङ र म्याग्दीमा सञ्चालन भइरहेको सुन्तला जोनमा ५३ लाख ८५ हजार, रघुगङ्गा, बेनी र अन्नपूर्ण गाउँपालिका कार्यक्षेत्र भएको आलु जोनका लागि रु १६ लाख ६८ हजार बजेट प्राप्त भएको परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले जानकारी दिए । *-रासस*

## समूहबाट आर्थिक समृद्धि खोज्दै महिला



दाङ घोराही उपमहानगरपालिका-८ कटुकीका वसन्ती चौधरी समूहमा आबद्ध भएको दुई वर्ष भयो । उनी जनचेतना महिला कृषक समूहको कोषाध्यक्ष हुन् । समूहमा रहेका २० जनाले सामूहिक खेती गर्ने गरेको उनले बताइन् । चौधरीले भनिन्,"नौ कठ्ठा जमिन भाडामा ल्याएर आलु र प्याजखेती गरेका थियौँ, आलु उत्पादन राम्रो भयो र प्याज पनि राम्रो भएको छ, दुई वटा टनेल बनाएर खेती गरेका छौँ, कृषि ज्ञान केन्द्र दाङले लक्षित वर्गका लागि बजेट सहयोग गरेको छ ।" सोही कार्यालयले २० जनालाइ २० हजारका दरले बीउपुँजी सहयोग गरेको उनले बताइन् । "समूहमा आबद्ध भएपछि सरकारी कार्यालयमा के-के कार्यक्रम आउछन्, त्यसका बारेमा जानकारी हुने गरेको छ", उनले भनिन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र दाङले बङ्गुरपालनका लागि खोर बनाउन १० लाख बजेट सहयोग गरेको उनले बताइन् । जनचेतना महिला कृषक समूहका अध्यक्ष देउकुमारी चौधरीले वित्तिय साक्षरता सिकेर बचत गर्न, लगानी गर्न, ऋृण व्यवस्थापन गर्न, आम्दानी र खर्चमा योजना बनाउन जानेको बताइन् । उनले भनिन्,"सामूहिक काम गर्दा छिटो र छरितो हुने गरेको छ, खेताला लगाउन नपर्ने सजिलै काम सकिने भएको छ ।" घोराही-१२ का नन्दा योगीले मौरीपालन तालिम लिएर मौरी पाल्न सुरु गरेकी छन् । मुक्त कमलरी विकास मञ्च र सोसेक नेपालले तालिमसँगै पाँच घार मौरी दिएको थियो । मौरीपालन तालिमपछि व्यावसायिक रुपमा पालन सुरु गरेको उनले बताइन् । अहिले उनीसँग १० घार मौरी छन् । उनका अनुसार करिब ८६ किलो मह उत्पादन भएको र सबै बिक्री भएको थियो । ५०० देखि ६०० प्रतिकिलोमा बिक्री गरेको उनले बताइन् । गाईवस्तु पालेकोभन्दा सजिलो हुने भएर यो काम राम्रो लागेको उनले बताइन् । उनका अनुसार तालिमपछि क्षमता विकास र वित्तीय साक्षरता पनि भएको छ । तुलसीपुर उपमहानगरपालिका-१६ टिक्रालहलौराकी उर्मिला चौधरी पूर्वकमलरी हुन । उनी प्रगति पशुपालन महिला समूहको अध्यक्ष बनेकी छन् । समूहमा आबद्ध भएपछि उनले च्याउखेतीको तालिम लिइन् । उनले समूहमा आबद्ध भएपछि ३० हजार घुम्ती कोषबाट पैसा लिएर च्याउखेती गरिन् । चार सय लोकल कुखुरा र दुई हजार ५०० गिरीराज कुखुरापालन गरेर प्रशस्त आम्दानी गरेको उनले बताइन् । समूहले आम्मनिर्भर बनाएकाले यसैलाई निरन्तरता दिने उनले बताइन् । उनीहरुको ३० जनाको समूह छ । उनका अनुसार घुम्ती कोषको पैसा एक वर्षमा साँवामात्रै फिर्ता गर्नुपर्छ ब्याज लाग्दैन । घोराहीका उपप्रमुख हुमा डिसीले मुक्तकमलरीसँग सहकार्य गरेर काम गरेको बताइन् । "विभिन्न तालिम दिएर काम गरेका छौँ", उनले भनिन् । पालिकाभित्र रहेका छाना नभएकालाई मुक्त कमलरीलाई छाना दिने कार्यक्रम रहेकाले छाना नभएकाहरुले पालिकामा सम्पर्क गर्न उनले आग्रह गरिन् । सीप सिकेकालाई स्वरोजगार बन्न पनि उनले आग्रह गरिन् । मुक्त कमलरी विकास मञ्चका परियोजना अधिकृत सुवोध चौधरीले मुक्त कमलरी सशक्तीकरण परियोजनाअन्तर्गत प्रत्यक्ष ४६५ जनालाई सहयोग गरेको बताए । उनका अनुसार दाङका घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका र लमही नगरपालिकामा कार्यक्रम लागू भएको छ । लक्षित वर्गमा पूर्वकमलरी, सीमान्तकृत तथा असहाय रहेको उनले बताए । महिलाहरुले समूह बनाएर व्यावसायिक कामबाट आम्दानी गर्न थालेको उनले जानकारी दिए । *-रासस*

## पुनः नगदेबालीको पहिचान बनाउँदै उखुखेती



सर्लाही उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी पाउँदा सर्लाहीको बागमती नगरपालिका-१, मिलनचोक निवासी रामहरी पाण्डेलाई सुरुमा त पत्याउनै मुस्किल भयो । विगतमा वर्षौंसम्म चिनी उद्योगहरुले भुक्तानी नगर्दा हैरानी खेप्दै आएका उनिजस्ता किसानहरुले यसपटक समयमै भुक्तानी पाएका छन् । विगतमा राज्यले समयमा उखुको समर्थन मूल्य नतोक्ने र उद्योगीले वर्षौंसम्म पनि भुक्तानी नदिने समस्याबाट किसानहरू हैरान हुनु परिरहेको थियो । तर, यस वर्ष उखु क्रसिङ पहिला नै समर्थन मूल्य तय भएको र उद्योगीले पनि उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी दिन थालेपछि किसानलाई उखुखेती फेरि नगदेबाली हो भन्ने लाग्न थालेको पाण्डेले बताए । पाण्डेले यस वर्ष चार बिघामा उखु लगाउनु भएको छ । पहिलोपल्ट उनिले गत मङ्सिर २७ गते उद्योगमा उखु बेच्नु भएको थियो । इन्दुशङ्कर चिनी उद्योगको मिलगेट क्षेत्रका उखु किसान पाण्डेले हप्ता दिनमै बैंकमा पैसा जम्मा भएको घण्टी बजेपछि खुसीले गद्गद् भए । "अब बल्ल उखु नगदेबाली हो भन्ने लागेको छ", उनिले चने, "किनकी यो वर्ष उखुको पैसा हाताहाती जस्तै आइरहेको छ ।" सुरुमा उखुखेती गर्दा मूल्य र भुक्तानी के हुने हो भनेर चिन्ताले पाण्डेलाई नसताएको हैन । तर, यस वर्ष उखु बिक्री गरेर समयमै भुक्तानी पाएपछि ऊखुखेतीप्रति आकर्षण बढेको पाण्डेले सुनाउनुभयो । उखुको समर्थन मूल्यमा राज्यले किसानको लगानी र चिनीको मूल्यलाई आचार बनाएर तोक्ने र उद्योगले किसानको भुक्तानी व्यवस्थित गर्ने हो भने किसानहरू उत्साहित भएर उखुखेती गर्न तयार रहेको उनि बताउन्छन् । हरिवन नगरपालिका-३, का गोपी तिमल्सिनाको पनि अनुभव उस्तै छ । विगतका वर्षमा झैँ अब किसानले गुलियो उखु लगाएर अमिलो अनुभव गर्न नपरोस् भन्ने उनि कामना गर्नुहुन्छ । हरिवनको इन्दुशङ्कर चिनी उद्योगमा उखु बेचेको पैसा हप्ता दिनमा आृनो खातामा आएको उनिले बताए। राज्यलेसमेत अनुदानवापतको रकम किसानको खातामा जम्मा गरिदिनुपर्ने उनिको चारणा छ । विगतका वर्षमा जस्तो अनुदानको रकममा किसानलाई दु:ख पाउनु हुँदैन", उनिले चने, "समयमै भुक्तानी सुरु गर्नुपर्छ, अनि मात्र फेरि उखु नगदेबाली बन्छ । किसान पनि खेती गर्न उत्साहित हुन्छन् ।" यस वर्षबाट हप्ता दिनमै किसानको खातामा पैसा जम्मा गर्न थालेपछि किसानहरू उत्साहित बनेका हुन् । यस उद्योगले यस वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको उद्योगका महाप्रबन्चक योगनारायण रजकले जानकारी दिऐ । किसानहरूसँग एक महिनाभित्र भुक्तानीको सहमत भए पनि उद्योगले एक हप्ताभित्रै भुक्तानी गरिरहेको उनिको भनाइ छ । महाप्रबन्चक रजकका अनुसार उद्योगले पुस २० गतेसम्म किसानबाट छ लाख १७ हजार दुई सय क्विन्टल उखु खरिद गरी क्रसिङ गरिएकामा यही पुस १७ गतेसम्मको उखुको रु २८ करोड भुक्तानी गरिसकेको छ । गत मङ्सिर २७ गतेदेखि सञ्चालनमा आएको उद्योगले यो तेस्रो पटक किसानको खातामा रकम जम्मा गरेको हो । यस उद्योगले उखु उत्पादन बढाउनका लागि उन्नत जातको बीउ, मल, विषादीको प्रयोगको साथै तालिम, गोष्ठी तथा किसानहरूलाई प्राविचिक सेवासमेत अभियानकै रुपमा प्रदान गरिरहेको उद्योगका प्रशासकीय अचिकृत ठाकुर नेपालले बताए । किसान खुसी पारेर उखु तान्न समेत उद्योगहरूले भुक्तानी छिटोछिटो गरिरहेका नेपाल उखु उत्पादक महासैका केन्द्रीय अच्यक्ष कपिलमुनि मैनालीको भनाइ छ । जिल्लामा सञ्चालनमा रहेकामच्ये गोडैता नगरपालिकास्थित बगदहमा रहेको महालक्ष्मी चिनी उद्योगले र चन्कौलमा रहेको अन्नपूर्ण चिनी उद्योगले भने विगतका वर्षमासमयमै भुक्तानी नगरेको किसानहरूको भनाइ छ । रामनगर गाउँपालिका-४ का नितिन रायले अन्नपूर्ण चिनी उद्योगका पुराना सञ्चालकसँग आफ्नो फसल बेचेको पैसा लिन निकै सैर्ष गर्नुपरेको सुनाउनुभयो । यस उद्योगका नयाँ व्यवस्थापनले भने यस वर्षबाट उखुको भुक्तानी व्यवस्थित गरेको दाबी गरिरहेका छन् । गत मङ्सिर ६ गतेदेखि क्रसिङ शुरु गरेको यस उद्योगले पुसको पहिलो हप्तासम्मको भुक्तानी किसानको खातामा पठाइसकेको जनाएको छ । विगतको वर्षमा उखु दिएको वर्षौंसम्म पैसा नपाएका किसानले यसवर्ष भने उखु बेचेको १५/१५ दिनमा पैसा खातामा जम्मा भएको भन्दै खुसी व्यक्त गरेका छन् । चन्कौल-५ निवासी वीरेन्द्र महतोले उखु बेचेको १४ दिनको दिन पैसा पाएको भन्दै यस वर्ष उखु नगदमै बेचेको प्रतिक्रिया दिऐ । "हामीले सचैँ उचारोमा उखु उद्योगलाई दिँदै आएका थियौँ", उनिले चने, "हामीसँग अरु विकल्प पनि थिएन । तर यस वर्ष पैसा पनि आइरहेको छ ।" अब पहिलेको जस्तो उखु बेचेको पैसा माग्न पुस/माघको ठन्डीमा काठमाडौँ जान नपरोस् भन्ने उनिको पनि कामना छ । पन्ध्र लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको यस उद्योगले पनि हालसम्म चार लाख ५० हजार क्विन्टल उखु क्रसिङ गरिसकेको जनाएको छ । राज्यले तय गरेको समर्थन मूल्य पाँच सय ८५ रुपैयाँ प्रतिक्विन्टलको दरले ११ करोड रकम भुक्तानी गरेको उद्योग सञ्चालक शैलेन्द्र गुप्ताले जानकारी दिए । जिल्लामा सबैभन्दा सुरुमा सञ्चालनमा आएको यस उद्योगलाई किसानहरूले विश्वास नगर्दा उखु नपाएर उद्योग पटकपटक बन्द हुँदै सञ्चालन हुँदै गरिरहेको छ । उद्योगको ढोकै नजिकबाट रौतहट र महोत्तरीका उद्योगले उखु लगेपछि अन्नपूर्णले स्थानीय जनप्रतिनिचि समेत गुहार्नुपरेको थियो । स्थानीय जनप्रतिनिचिले अन्य उद्योगको उखु सङ्गलन केन्द्र (काटा) राख्न नदिएपछि यस उद्योगले केही राहतको श्वास फेरेको छ । स्थानीय जनप्रतिनिचि र राजनैतिक दलका नेताहरूले उद्योगसँग मिलेर अन्नपूर्ण र महालक्ष्मी चिनी उद्योगमा उखु बेच्न किसानहरूलाई जबरजस्ती बाच्य पारेको किसानहरूको गुनासो छ । स्थानीयस्तरमा भएका उद्योगबाट किसानले लाभ लिन सक्ने र यस उद्योग जोगिए स्थानीय रोजगारीदेखि औद्योगिक विकासमा टेवा पुग्ने जनप्रतिनिचिहरूको भनाइ छ । उद्योगले किसानको भुक्तानीमा आनाकानी गरे आफूहरू किसानको पक्षमा रहेको बलरा नगरपालिकाका मेयर रामाशङ्करप्रसाद कुशवाहाले बताए । गोडैतामा रहेको महालक्ष्मी चिनी उद्योग पनि किसानलाई नियमित भुक्तानी दिएर किसान फकाउन लागिपरेको छ । विगतमा किसानसँग बिग्रिएको सम्बन्च समेत सुचार गर्ने योजनासहित यस वर्ष उखुको भुक्तानी प्रत्यक १५ दिनमा किसानहरूको खातामा पठाइरहेको उद्योगले जनाएको छ । यस उद्योगमा उखु बेचेका गोडैता नगरपालिका-५ का उखु किसान रामविनय महतोले उखुको भुक्तानी पाएको बताए । हालसम्म दुई सय क्विन्टल उखु बेच्नु भएका उनिको खातामा आजसम्म एक सय ५० क्विन्टल उखुको पैसा जम्मा भइसकेको छ भने बाँकी रकम पनि एक/दुई दिनमा जम्मामा उनि ढुक्क हुनुहुन्छ । "यसपटक विगत वर्षहरुमा जस्तो उखुको भुक्तानी माग्न पटकपटक उद्योगी र कर्मचारी खोज्दै उद्योग चाउन परेन", उनिले चने । "पहिला उखु दियो पैसा माग्न चाउनुपर्थ्यो", उनिले चने, "यसपटक १५ दिन पहिला नै उखुको पैसा खातामा आइसकेको छ ।" विष्णु गाउँपालिका-७, का सिकिन्दर मण्डलले अघिल्लो वर्ष उखु उचारोमा मिललाई दिएर साहुसँग ऋृण गरेर परिवारको पालनपोषण गरेको तीतो यथार्थ पोखे । "उखु बेचेर पनि समयमै भुक्तानी नपाउँदा ऋृणमा डुब्नुपर्ने अवस्था थियो", उनिले चने, "त्यसैकारण मैले चेरै उखु हटाएर अन्य बाली पनि लगाएँ । तर, खोला र जङ्गल नजिकका खेतमा जङ्गली जनावर र वर्षाको भलले अन्य बाली पनि राम्रो भएन । अब उखु नै लगाउने निचो गरेँ ।" मङ्सिर १२ गतेदेखि सञ्चालनमा आएको यस उद्योगले पनि यस वर्ष हालसम्म पाँच लाख दुई हजार क्विन्टल बढी उखु क्रसिङ गरेको उद्योगका प्रशासकीय अचिकृत शिवशङ्कर महतोले बताए । उनिका अनुसार यस उद्योगले यसवर्ष २० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । उद्योगले क्रसिङ गरेकोमच्ये २५ दिनको उखुको भुक्तानी गरिसकेको र १५ दिनको बाँकी रहेको उद्योगका प्रशासकीय अचिकृत महतोको भनाइ छ । किसानले ल्याउने उखुमा चिनीको मात्र कम हुँदा उद्योग सङ्कटमा परेको उनिको भनाइ छ ।

*-इहिमालय डटकम*

# आज विश्व शान्ति दिवस विविध कार्यक्रम गरी मनाइँदै




**पाल्पा,** असोज ४/प्रत्येक वर्ष सेप्टेम्बर २१ तारिखका दिन मनाइने विश्व शान्ति दिवस आइतबार नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । सन् २००२ मा संयुक्त राष्ट्रसै महासभाले सेप्टेम्बर २१ लाई स्थायीरूपमा विश्व शान्ति दिवसका रूपमा मनाउने घोषणा गरेको थियो ।

नेपालमा पनि सन् २००२ देखि नै विविध कार्यक्रम आयोजना गरी यो दिवस मनाउने गरिन्छ । सन् २००२ अघि सन् १९८१ मा संयुक्त राष्ट्रसै महासभा सुरु भएको दिन पारेर राष्ट्रसैद्वारा प्रस्ताव पारित गरी राष्ट्रसै महासभा सुरु हुने सेप्टेम्बर महिनाको तेस्रो मंगलबारका दिन शान्ति दिवस मनाउने निर्णयअनुरुप सन् १९८२ को सेप्टेम्बरमा पहिलो शान्ति दिवस मनाइएको थियो । नेपालमा यो दिवस २०६५ देखि मनाउन सुरु गरिएको हो । देशमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको विश्रामसँगै २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौताको भावना र मर्मलाई आत्मसात गर्दै नेपालले पछिल्लो समय यो दिवसलाई निरन्तरता दिँदै आएको छ । विगतका वर्षहरुमा शान्ति केवल राजनैतिक र दार्शनिक शव्दावलीका रुपमा प्रयोग भएको पाइन्छ, कहीँ धर्महरुबिच त कहिँ मर्महरुबिच आततायी रुपमा शान्तिलाई निर्मम निमोठिएको छ । विश्व युद्धको अवधिलाई नरकंकालको माला लगाइदिएका शाषकहरुले आज प्रथम विश्वयुद्धको १०० भन्दा बढी वर्ष पुरा हुँदासम्म विभिन्न श्रृंखला अनि अनेक नाममा दोब्बर हाराहारीमा मान्छे मारिसकेका छन् । स्मरणीय रहोस्, शान्ति गौतमबुद्धको वचन मात्र हैन सबैको दायित्व पनि हो । फदयमा सदाचार लिएर पाइला चालौं, आत्मियता अनि माफीको पथमा हिँडौ । आजका पुस्तालाई विश्वबन्धुत्वको पाठ सिकाउन आवश्यक छ ।

## सहकारीमा नयाँ...

...उक्त प्रस्ताव सर्वसम्वत रुपमा पारित गरिएको हो । सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै समृद्धिको दिशामा आफुहरु अगाडि बढेको संस्थाका अध्यक्ष बज्राचार्यले बताए । उनले भने "सहकारीको माध्यमबाट सदस्यहरु बिच आत्मीयता, सद्भाव, र एक आपसमा मैत्री भावको विकास गर्दै सदस्यहरुको आर्थिक उन्नति र व्यवसायिक बनाउने दिशामा हामीहरु अग्रसर रहेका छौं ।"

साधारण सभाको सहकारीका सल्लाहकार छत्रराज शाक्यले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि शाक्यले सहकारीले छोटो समयमै समृद्धिको दिशामा फड्को मार्न सफल भएको बताए । उनले संस्थालाई दीगो र प्रभावकारी बनाउन समर्पण, प्रतिवद्धता र पारदर्शी हुनुपर्नेमा जोड दिए । शाक्यले सहकारीहरु अब एक जुट भएर अगाडि बढ्ने बेला आएको धारणा व्यक्त गरे । नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले आनन्द सहकारी वित्तिय क्षेत्रमा अब्बल बन्दै गएको भन्दै यस सहकारीमा कुनै समस्या नभएको बताए । उनले भने " म यस सहकारीसँग विगत चार/पाँच वर्षदेखि निरन्तर नजिकबाट चिन्ने र यसका गतिविधिहरु नियाल्ने अवसर पाएको छु, यस सहकारीका सञ्चालकहरु आफैमा इमान्दार, बौद्धिकशील व्यक्तिहरु भएकाले यहाँ कुनै समस्या छैन, ढुक्क भएर रकम बचत गर्न सकिन्छ ।" शेयर सदस्य सकुन्तला बज्राचार्यले उत्कृष्ट सहकारीको रुपमा आनन्द सहकारी स्थापित हुन सफल भएको बताइन् । कार्यक्रममा संस्थाका उपाध्यक्ष तथा ऋण उपसमितिका संयोजक सरोजलाल शाक्यले ऋण उपसमितिको प्रतिवेदन, सचिव रत्नमान बज्राचार्यले सचिवको प्रतिवेदन, कोषाध्यक्ष विनयराज बज्राचार्यले आयव्यय, लेखा समितिका संयोजक शोभामान बज्राचार्यले लेखा समितिको प्रतिवेदन प्रतिवेदन प्रस्तुत गरेका थिए । सहकारीले जेष्ठ शेयर सदस्य, बालबचतकर्ता, असल बचतकर्ता, असल कारोबारकर्ता, शेयर सदस्यहरुका छोरा छोरी मध्ये एसइईमा उत्कृष्ट अंक ल्याई उर्तिण हुने विद्यार्थीहरुलाई सम्मान समेत गरेको छ । सभाको उद्घाटन सत्र संस्थाका अध्यक्ष सर्जुलाल बज्राचार्यको अध्यक्षता, उपाध्यक्ष सरोजलाल शाक्यको धन्यवाद ज्ञापन, सचिव रत्मान बज्राचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## गणेश बचत तथा...

...सहकारीका कानुनी सल्लाहकार शिवप्रसाद देवकोटाले केही सहकारीहरुले नियम कानुनको आत्मसाथ नगर्दा समस्या आएको भन्दै गणेश सहकारीले भने सहकारीको सिद्धान्न, मर्म र नियम कानुन अनुसार आफुलाई अगाडि बढाएको उल्लेख गरे ।

सहकारीका लेखापरीक्षक श्रीकृष्ण नेपालले सहकारीको प्रगति लोभ लाग्दो रहेको बताए । कार्यक्रममा सहकारीका अध्यक्ष विष्णु गाहाले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै सहकारी अगाडि बढेको बताए । उनले आफुहरु इमान्दारिताका साथ काम गर्दै आएकाले सहकारीमा कुनै पनि समस्या नभएको स्पष्ट पारे । उनले भने "हामी सहकारीको मूल्यमान्यता, सिद्धान्त र उद्देश्य अनुसार नै काम गरेका छौं, प्रत्येक वर्ष शेयर सदस्यहरु पनि थपिदै जानु भएको छ । ढुक्क भएर कारोबार गर्नुहोस् हाम्रोमा कुनै समस्या छैन ।" अध्यक्ष गाहाले चालु आर्थिक वर्षमा एक सय जना सदस्यहरु थप्ने, जेष्ठ शेयर सदस्य, उत्कृष्ट बचत, कर्जा कारोबार गर्नेलाई सम्मान गर्ने, आर्थिक वर्ष २०८१/०८२ को लाभांश रकम सम्पूर्ण शेयर सदस्यहरुलाई आफ्नो शेयर रकम अनुसार भुक्तानी गर्ने, स्थायी सम्पति मर्मत सम्भार कार्यलाई निरन्तरता दिइने, लेखा परीक्षक नियुक्त गर्ने आगामी कार्यक्रमहरु रहेको बताए । उनका अनुसार सहकारीमा अहिले १ हजार ५ सय १३ जना शेयर सदस्य रहेका छन् । अध्यक्ष गाहाले सभामा प्रस्तावका रुपमा ल्याएका कर्मचारी नीति नियम, ऋण नीति नियम, प्रशासकिय नीति नियम, बचत नीति नियम र निर्वाचन नीति नियम समेत सर्वसम्मतरुपमा पारित भएका छन् । कार्यक्रममा लेखा समिति संयोजक हेमानसिं सारुले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष चन्द्रबहादुर खाम्चाले चालु आर्थिक वर्षको एक करोड ९५ लाख बराबरको वार्षिक अनुमानित आय-व्यय प्रस्तुत गरेका थिए । कार्यक्रममा सहकारीले जेष्ठ नागरिक ताराबहादुर कुंवर, ठगिश्वर सिंजाली, उत्कृष्ट बचततर्फ संस्कार कुंवर, विनिता नेपाली, दैनिक बचततर्फ सोनिका पाण्डेय, भोजबहादुर थापा, नियमित बचतकर्तातर्फ अमनप्रसाद श्रेष्ठ, कमला झेडी, आवाधिक बचततर्फ हुमबहादुर आले, रोमकुमारी शाक्य, असल कर्जातर्फ रामबहादुर पचाभैया र गिता भण्डारीलाई सम्मान गरेको छ । संस्थाका अध्यक्ष विष्णु गाहाको अध्यक्षता, उपाध्यक्ष दलबहादुर थापाको स्वागत, सचिव कान्ति माया आलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## ओमान भारतसँग २१ रनले पराजित



**काठमाडौं,** असोज ४/एशिया कप टी-२० क्रिकेटमा ओमान भारतसँग २१ रनले पराजित भएको छ । समूह 'ए' को शुक्रबारराति सम्पन्न अन्तिम खेलमा ओमान भारतसँग पराजित भएपनि उत्कृष्ट प्रदर्शन गर्न सफल भएको छ । जितका लागि एक सय ८९ रनको लक्ष्य पछ्याएको ओमानले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै एक सय ६७ रन बनायो । ओमानका आमिर कलिमले सर्वाधिक ६४ रन बनाए । हमाद मिर्जाले ५३ रन जोडे । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै एक सय ८८ रन बनाएको थियो । भारतका सन्जु स्यामसनले सर्वाधिक ५६ रन बनाए । खेलपछि भारतीय क्रिकेट टोलीका कप्तान सूर्यकुमार यादवले ओमानले अविश्वसनीय क्रिकेट खेलेको प्रतिक्रिया दिएका छन् । समूह 'ए' मा भारत तीन खेलमा अपराजित रहदै सुपर-४ मा पुगेको छ । यो समूहबाट पाकिस्तानले पनि सुपर-४ मा स्थान बनाएको छ । त्यस्तै समूह 'बी' बाट श्रीलङ्का र बङ्गलादेश सुपर-४ मा पुगेका छन् । सुपर-४ मा सबै टोलीले एक अर्कासँग खेल्नेछन् । भारत र पाकिस्तानबीचको खेल आईतबार हुनेछ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्

सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## ब्याज अनुदानको ९ अर्ब ८० करोड अर्थ मन्त्रालयद्वारा निकासा



**पाल्पा,** असोज ४/लामो समयदेखि रोकिएको सहुलियत कर्जामा ब्याज अनुदानबापतको ९ अर्ब ८० करोड रुपैयाँ अर्थ मन्त्रालयले निकासा गरेको छ। अर्थ मन्त्रालयले शनिबार उक्त रकम निकासा गरेको हो ।

लामो समयदेखि ब्याज अनुदानको रकम नपाउँदा बैंक तथा वित्तीय संस्थाले सहुलियत ब्याजको नयाँ कर्जा प्रवाह गरेका छैनन् भने नागरिकले पनि महँगो ब्याज तिर्नु परिरहेको छ । 'आर्थिक वर्ष ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज अनुदान प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजित कार्यक्रम संशोधनमार्फत प्रथम त्रैमासिक कायम गरी विगत सात वटा त्रैमासिकमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान राष्ट्र बैंकलाई शोधभर्ना उपलब्ध गराउने अर्थमन्त्रीस्तरको निर्णयअनुसार ९ अर्ब ८० करोड निकासा गरिएको छ,' अर्थ मन्त्रालयको पत्रमा भनिएको छ । यससँगै ब्याज अनुदानबापत सरकारले दिनुपर्ने रकम कम रहेकाले बैंक तथा वित्तीय संस्थाले पनि सहुलियत कर्जा प्रवाह सुरु गर्ने सम्भावना बढेको छ ।

## मानसिक स्वास्थ्य प्रति सचेत बनौं।

-निराश हुनु,
-तनाव तथा चिन्तित महशुस हुनु,
-बेला बेलामा डर लाग्नु,
-बिनाकारण पसिना आउनु,
-गहिरो निद्रा नपर्नु,
मानसिक रोगका लक्षण हुन्
मानसिक समस्या निदानको लागि:
-नियमित व्यायाम गरौं,
-आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
-परिवार र साथीहरूसँग समय बिताऔं,
-योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई